# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, साउन २९ गते, २०८२ साल (सङ्ख्या ७

## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**गण्डकी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ को अनुसूची हेरफेर**

गण्डकी प्रदेश सरकारले "गण्डकी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४" को दफा २३ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूची-२ को सट्टा देहायको अनुसूची -२ राखी हेरफेर गरेको छः-

अनुसूची-२
(दफा ५ सँग सम्बन्धित)

**पदाधिकारी तथा सदस्यलाई दिइने अन्य सुविधा**

| क्र.स. | सुविधा को किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता र उपसभामुख | दलको नेता | दलको उपनेता | सत्ता पक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक, समितिको सभापति र दलको प्रमुख सचेतक | दल को सचेतक | सदस्य (द्रष्टव्य को सि.नं. ३ मा उल्लेख भए बमोजिम मात्र) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव (रा.प.तृतीय) | जना | १ | १ | - | - | - | - | - |
| २ | सञ्चार विज्ञ (रा.प.तृतीयस्तर सम्मको) | जना | १ | - | - | - | - | - | - |
| ३ | स्वकीय सचिव (रा.प.अनं प्रथम श्रेणी वा | जना | १ | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सो सरह) | | | | | | | | |
| ४ | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | १ | १ | - | - | - | - | - |
| ५ | अतिथी सत्कार | प्रति महिना रु. | १०,०००।- | ५,०००।- | - | - | - | - | - |

द्रष्टव्यः १. स्वकीय सचिवालयका कर्मचारीहरुले सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन्। नियुक्ति भएको छ महिना पुगेपछि वर्षको एक पटक सुरु स्केलको एक महिनाको तलब बराबरले हुन आउने रकम चाडपर्व खर्च बापत पाउनेछन्।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खातामा उपलब्ध गराइनेछ।

३. प्रदेश सभा सदस्यको अपाङ्गताको अवस्था, कारण र स्थिति विचार गरी सहयोगी कर्मचारी विना निजले प्रदेश सभा सञ्चालन भएको समयमा दैनिक कार्यसम्पादन गर्न नसक्ने अवस्था भएमा निजको हकमा सहायकस्तर पाँचौं तहसम्मको एकजना थप सहयोगी कर्मचारी उपलब्ध गराउन सकिनेछ। त्यस्तो अपाङ्गता भएको सदस्य बहाल नरहेमा वा अवधि समाप्त भएमा त्यस्तो सहयोगी कर्मचारी स्वतः पदमुक्त हुनेछ।

आज्ञाले,
रामजी दनाई
प्रदेश सरकारको सचिव

प्रमाणीकरण मितिः २०८२।०४।०५

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१०।-